# बिदेशी निवासी सहितको समावेशी समाजको निर्माण तर्फ़को रोडम्याप （ सन् २०२३ साल एक भाग परिवर्तन ） （ सारांश ）

सन् 2022 साल 6 महिना , हाम्रो राष्ट्रले विदेशी निवासी सहितको समावेशी समाजको निर्माणतर्फ लक्षित भई समावेशी समाजको अवधरणा, त्यसलाई लागू गर्नका लागि गर्नै पर्ने मध्य तथा दीर्घकालीन चुनौती तथा समाधान देखाउने रोड म्याप निर्धारण गरियो। समस्याको समाधान गर्नको लागि कार्यान्वयन स्थितिको बारेमा विज्ञहरूको धारणा सुनेर आवश्यकता अनुसार उपायहरुको समीक्षा गरेर, त्यस उपायहरू कार्यान्वयन गर्ने ।

## १. लक्षित हुनु पर्ने विदेशी वासिन्दा सहितको समावेशी समाजको अवधारणा (३ वटा अवधारणा)

### शान्त र सुरक्षित समाज

आगामी दिनमा जापानी समाज संगै निर्माण गर्ने एक सदस्यको रुपमा विदेशी वासिन्दा पनि समावेश गरी सबै मानिसहरु शान्त र सुरक्षित रुपमा बस्न सक्ने समाज

### विविधतामा धनी जीवन्त समाज

बिभिन्न पृष्ठभूमी भएमा विदेशी वासिन्दा सहित सबै मानिसहरु समाजमा सहभागी भई क्षमताको अधिकतम उपयोग गर्न सक्ने विविधतामा धनी जीवन्त समाज

### व्यक्तिगत मर्यादा र मानव अधिकार सम्मानित समाज

विदेशी वासिन्दा सहित सबै मानिसहरुले एक आपसमा व्यक्तिगत मर्यादा र मानव अधिकारको सम्मान गरी बिना भेदभाव र पूर्वाग्रहका साथ बस्न सक्ने समाज

## २. समाधान गर्नैपर्ने मध्य तथा दिर्घकालिन समस्याहरु (४ वटा महत्वपूर्ण बिषयहरु)

१ सहज रुपमा संचार गर्नसक्ने र सामाजिक सहभागिताको लागि जापानी भाषा शिक्षा आदिको व्यवस्था

२ विदेशी वासिन्दाको लागि सुचना संप्रेषण/विदेशी वासिन्दाको लागि परामर्श प्रणालीको सवलीकरण

३ जीवनको चरण र जीवन चक्र अनुसारको सहयोग

४ समावेशी समाजको आधारशिला सुधार गर्ने प्रयास

# ३ महत्वपूर्ण बिषय सम्बन्धि मुख्य प्रयासहरु

## १ सहज रुपमा संचार गर्नसक्ने र सामाजिक सहभागिताको लागि जापानी भाषा शिक्षा आदिको व्यवस्था

- ○ प्रिफ़ेक्चर आदिले संचालन गर्ने जापानी भाषा शिक्षा सुदृढ गर्नको लागि समग्र प्रणालीको निर्माण स्थीर रुपमा विकास गर्नुको साथै नगर/गाउंले प्रोफ़ेक्चरसंग सहकार्य गरी संचालन गर्ने जापानी भाषा सहितको सहयोग 【साहित्य】 《१》
- ○ "जापानी भाषा शिक्षाको सन्दर्भ फ्रेम" मा देखाईएको शैक्षिक विवरण तथा स्तर आदिको लागि क्षेत्र अनुसारको शैक्षिक मोडेलको विकास 【साहित्य】 《३》
- ○ जीवन अभिमुखीकरण (जापानमा जीवन यापन गर्नको लागि आधारभूत सुचना प्रदान, प्राथमिक स्तरको जापानी भाषा सिकाई) भिडियोको निर्माण/प्रयोग आदि मार्फ़त सामजिक प्राणाली आदिको ज्ञान प्राप्त गर्न सक्ने वातावरण (जापान आउनु अघि सहित) निर्माण 【कानुन】 《६》
- ○ जीवनयापनको लागि मिल्ने जापानी भाषा सिक्न सकिने प्रबिधियुक्त शैक्षिक सामाग्रीको विकास/बितरण आदि 【साहित्य】 《८》
- ○ जापान आउनु अघि सहज संचार शक्ति प्राप्त गर्नको लागि विदेशमै जापानी भाषा शिक्षाको वातावरणको विकास 【परराष्ट्र】 《९》
- ○ जापानी भाषा शैक्षिक संस्थाको प्रमाणिकरण प्रणाली तथा जापानी भाषा शिक्षकको लाइसेन्स प्रणालीको ब्यवस्था 【साहित्य】 《११》

## २ विदेशी वासिन्दाको लागि सुचना संप्रेषण/विदेशी वासिन्दाको लागि परामर्श प्रणालीको सवलीकरण

- ○ "जीवनयापन/रोजगार गाइडबुक" तथा "विदेशी वासिन्दाको जीवनयापन सहयोग पोर्टल साइट" को प्रकाशन अवधारणा तयार गरी सार्वजनिक 【कानुन】 《१७》
- ○ माइना पोर्टल द्वारा सुचना प्रवाह उपलब्ध तथा आदेश-निर्मित र पुश-प्रकार जानकारी प्रसारको विचार 【न्याय】 《१८》
- ○ विदेशी भित्र्याउने वातावरण सम्बन्धि अनुदानको सुधार आदि मार्फ़त केन्द्रीय परामर्श डेस्कको स्थापना पदोन्नति 【कानुन】 《२०》
- ○ बहुभाषिक भाषा अनुवाद प्रबिधीको बारेमा व्यावहारिक स्तरको "लाइभ भाषा अनुवाद" को लागु र महत्वपूर्ण २१ भाषामा बिस्तार गर्ने प्रयास 【सामान्य प्रशासन】 《२३》
- ○ विदेशीलाई सहयोग गर्ने स्थानीय संघसंस्थाहरुको संयुक्त परामर्श कार्यक्रमको आयोजना आदि 【कानुन】 《२७》
- ○ सजीलो जापानी भाषाको प्रचारको लागि तालीमको आय्ज्जना आदि 【कानुन】 【साहित्य】 《३१》 《३२》

## ३ जीवनको चरण र जीवन चक्र अनुसारको सहयोग

- ○ बच्चा हुर्काइरहेका आमाहरुको आदानप्रदान तथा बच्चा हुर्काउने चिन्ता/अन्यौलको बारेमा परामर्श गर्न सकिने स्थान उपलब्ध आदि गर्ने स्थानीय बच्चा हुर्काउने सहयोग कार्यक्रम लागु 【बालबालिका र घर परिवार विभाग】 《३३》
- ○ आधारभूत निवासी दर्ता प्रणाली र स्कूल उमेर पुस्तक प्रणालीको समन्वय मार्फ़त विदेशी वासिन्दाको बच्चाको स्कुल भर्ना अवस्थाको एकद्वार ब्यवस्थापन/अनुमानको प्रवर्धन 【साहित्य】 《३६》
- ○ सार्वजनिक माद्यामिक बिद्यालय भर्ना छनौटमा विदेशी बिद्यार्थी लक्षित बिशेष कोटाको ब्यवस्था तथा प्रवेश परीक्षाको सहजतामा विचार गर्ने प्रयासको प्रवर्धन 【साहित्य】 《४७》
- ○ माद्यामिक बिद्यालयमा जापानी भाषाको ब्यक्तिगत प्रशिक्षणलाई पाठ्यक्रमको रुपमा लागु गर्ने प्रणाली लागु 【साहित्य】 《४९》
- ○ हारो वर्कमा विदेशी नागरिक रोजगार सेवा कर्नरमा विशेषज्ञ सल्लाहकार र अनुवादक राखी उपयुक्त सल्लाह दिने, विदेशी नागरिकको रोजगारी सम्बन्धित व्यवस्थापनमा प्रचार प्रसार र ज्ञान 【समाज कल्याण 】 《५७》
- ○ स्वदेशी कम्पनीहरूमा अन्तर्राष्ट्रिय विद्यार्थीहरूको रोजगारी प्रवर्द्धन गर्ने सम्बन्धमा प्रभावकारी सहकार्य विचारहरूको आदानप्रदान वा आवश्यकता अनुसार सुधार गरेर कार्यान्वयन, अझै थप रूपमा राष्ट्र भित्रको कम्पनीमा रोजगारी दरको थप सुधार गर्ने उपायहरू कार्यान्वयन 【साहित्य 《५९》
- ○ दिर्घकालिन विदेशी वासिन्दा लक्षित जापानी भाषा क्षमतामा बिचार गरी ब्यवसायिक तालीम लागु 【समाज कल्याण】 《६१》
- ○ पेन्सन प्रणाली सम्बन्धी जानकारी/प्रचार प्रसारको निरन्तरता/पूर्णता 【समाज कल्याण】 《६३》
- ○ "विदेशी वासिन्दा लक्षित आधारभूत सर्बेक्षण" आदि मार्फ़त वास्तविक अवस्था बुझ्ने आदि 【कानुन】 《६६》

## ४ समावेशी समाजको आधारशिला सुधार गर्ने प्रयास

- ○ "विदेशी वासिन्दासंगको सहजीवन सम्बन्धी सचेतना महिना (अस्थायी नाम)" को स्थापना, विविध सचेतना कार्यक्रम आदिको आयोजना 【कानुन】 《६७》 《६८》
- ○ विद्यालयमा फ़रक सांस्कृतिक बुझाई/वहु-सांस्कृतिक सहजीवनको अवधारणामा आधारित शिक्षाको थप प्रचार तथा पूर्णताको प्रवर्धन 【साहित्य】 《७१》
- ○ विदेशी वासिन्दाको तथ्यांक आदिको उपयोग गरी राष्ट्रियता, भिसा, पेशागत आदि विदेशी वासिन्दाको जीवनयापनको अवस्थाको वास्तविक अवस्थाको आंकलन गर्न सकिने नयां तथ्यांक तालिका बनाई सार्वजनिक 【कानुन】 《७४》
- ○ विदेशी कामदारको काम गर्ने स्थितिको व्यवस्थापन , कामदारको काम परिवर्तनको अवस्था जानकारीको लागि तथ्याङ्क तयार गरिने 【 समाज कल्याण 】 《७५》
- ○ निजी सहयोगी संस्थाले गर्ने विदेशी वासिन्दा लक्षित आउटरिच सहयोगको प्रयासमा सहयोग गर्नको लागि परीक्षण परियोजना कार्यान्वयन 【कानुन】 《८०》
- ○ अध्यागमन ब्यवस्थापन बिभागमा निवास ब्यवस्थापनको लागि आवश्यक जानकारी केन्द्रीकृत रुपमा आंकलन गर्न सकिने प्रयास बनाउनको लागि परिक्षण 【कानुन】 《८२》
- ○ माईनम्बर कार्ड र आवासिय कार्डको एकिकरण मार्फ़त सुविधामा सुधार 【कानुन】 《८५》
- ○ विदेशी सहयोग मानव संशाधनको पालनपोषण र उच्च विशेषज्ञता सहयोगी मानव संशाधनको प्रमाणिकरण प्रणाली आदिको बारेमा परिक्षण 【कानुन】 《८६》

※ रातो घेरा लागेको नीति नम्बर 、 सन् २०२३ साल एक भाग परिवर्तन गरी नयाँ उपाय

## ४ प्रवर्धन प्रणाली

- योजना अवधी सन् २०२६ सम्म
- विज्ञको धारणा सुन्दै हरेक बर्षको परिक्षण मार्फ़त प्रगति पुष्टि, आवश्यकता अनुसार उपायहरूको समीक्षा
- समग्र प्रतिरोधी उपायहरूको बारेमा उक्त आर्थिक बर्षमा लागु गर्नै पर्ने उपायहरू स्पष्ट गर्ने

## ५ सन् २०२३ समीक्षा गर्नुपर्ने बिन्दुहरू

### विज्ञहरूले उल्लेख गरेका मुख्य बुँदाहरू

- प्रत्येक वर्ष लागू हुने उपायहरूको सन्दर्भमा, रेखाचित्रमा एक रेखा भएर, वास्तविक अवस्था के हो भनेर थाहा नभएको
- （K P I अनुक्रमणिका） आउटपुट सूचकहरू वा नतिजा सूचकहरूको प्रयोगले नीति प्रभावहरू बुझ्न सजिलो बनाउँछ
- K P I संकेतकहरूको संख्यात्मक अंकमा, विगतका परिवर्तनहरू बुझ्न महत्त्वपूर्ण भएकोले, रोडम्याप निर्णय गर्नु अघि संख्यात्मक अंकहरुसँग तुलना व्यक्त गरि पाउने
- नयाँ उपायहरूको बारेमा K P I का सूचकहरू स्थापना गर्न गाह्रो रहेर, KPI सूचकहरूमा ध्यान दिने हो भने, त्यसलाई स्पष्ट गर्न आवश्यक छ।
- अन्य, मामिलाहरू व्यक्तिगत उपायहरूमा लक्षित बुँदाहरूमा इंगित

### प्रमुख समीक्षा

तालिकाको समीक्षा ७० केसहरू

KPI सूचक समीक्षा २८ केसहरू

नया・उपायको समीक्षा १३ केसहरू